**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०४ सितम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**<u>मुख्य समाचार</u>**

१. जीएसटी परिषद्‌ले आगमी पुस्ताको वस्तु तथा सेवा कर सुधारहरुको घोषणा गरेको छ। नयाँ दरहरू 22 सेप्टेम्बर देखि लागू हुनेछन्।

२. पश्चिम बंगाल विधानसभामा आज सत्तापक्ष र विपक्षबीच रड़ाँको, अनुशासनहीनताको कारण भाजपा विधायक शंकर घोष र अग्निमित्रा पललाई निलम्बन गरिएको छ|

३. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले एसएससी भर्ती घोटालामा फसेका 'दागी' शिक्षकहरूलाई ग्रुप सी र डी पदमा समायोजित गर्ने कानूनी विकल्प खोजिरहेको बताउनु भएको छ।

४. बन्द मगरजोङ चियाबारी भोलि 5 सेप्टेम्बरदेखि पुन: सञ्चालनमा आउने भएको छ।

५. बंगालको खाड़ीमा बनिएको निम्न दबाव क्षेत्र द्रूत गतिमा गहिरिँदै गइरहेको पश्चिम बंगालका केही जिल्लाहरूमा घना वर्षा हुने आशंका व्यक्त गरिएको छ।

**<u>जीएसटी परिषद</u>**

जीएसटी परिषद्‌ले दैनिक प्रयोगका धेरै वस्तुहरूमा दर कटौतीलाई सर्वसम्मतिले मंज़ूरी दिईएको छ, जसले गर्दा धेरैजसो वस्तु र सेवाहरू सस्ता भएका छन्। परिषद्‌ले अप्रत्यक्ष कर प्रणालीलाई 5 प्रतिशत,12 प्रतिशत, 18 प्रतिशत र 28 प्रतिशतको चार-स्तरीय संरचनाबाट 5 प्रतिशत र 18 प्रतिशतको दुई-स्तरीय संरचनामा सरल बनाएको छ। हिजो नयाँ दिल्लीमा जीएसटी परिषद्‌को 56 औं बैठकपछि मिडियालाई जानकारी दिँदै केन्द्रीय वित्तमन्त्री निर्मला सीतारामणले नयाँ दरहरू यस महिनाको 22 तारिखबाट लागू हुने बताउनु भयो, जसले प्रधानमन्त्री नरेन्द्र मोदीको स्वतन्त्रता दिवसमा जीएसटीलाई दिपावलीको उपहार दिने वाचालाई पूरा गर्नेछ।

हाम्रा संवाददाताले बताए अनुसार विभिन्न वस्तुहरूमा जीएसटी परिषदको दर कटौती सबै नागरिकहरूको जीवन सुधार गर्ने उद्देश्यले गरिएको छ।

**(बाईट)**

***जीएसटीमा सबैभन्दा ठूलो कर कटौती खाद्य वस्तु, औषधी, आवश्यक वस्तु, कृषि उत्पाद, हरित ऊर्जाका साथै साना कार र बाइकमा गरिएको छ।साथै, व्यक्तिगत जीवन स्वास्थ्य बीमा पोलिसीमा जीएसटी दर 18% बाट घटाएर शून्य बनाइएको छ। यो कदमले स्वास्थ्य बीमा पोलिसी आम मानिसहरुका लागि ,सस्तो हुनेछ र देशमा बीमा कभरेज बढाउनेछ।क्यान्सर र दुर्बल बिरामीहरूको उपचार सहित 36 जीवन रक्षक दवाईहरूमा पनि GST शून्य गरिएको छ। यसका साथै, थर्मोमिटर र ग्लुकोमिटर लगायत नियमित रूपमा प्रयोग हुने चिकित्सा वस्तुहरूमा GST दर 12% बाट घटाएर 5% गरिएको छ।स्वास्थ्य बीमामा जीएसटी छुट र जीवन रक्षक दवाईहरुमा जीएसटी दरमा कटौती स्वस्थ भारतलाई समृद्ध भारत बनाउने दिशामा निर्णायक कदम हो। दीपेन्द्र कुमार, आकाशवाणी समाचार, दिल्लीको रिपोर्टका साथ म रोशनी छेत्री आकाशवाणी समाचार खरसाङ।***

**<u>दिलीप घोष प्रतिक्रिया</u>**

भाजपा नेता दिलीप घोषले जीएसटी सुधारहरुको स्वागत गर्नुभएको छ। आज पत्रकारहरूसितको कुराकानीमा श्री दिलीप घोषले भन्नुभयो सबै कर देशका आम जनताको पैसाबाट आउँछ। त्यसैले, सकेसम्म तिनीहरूलाई करमुक्त बनाउनुपर्छ। कारदेखि कम्प्युटर र लुगा सम्म, सबै कुरा करमुक्त गरिएको छ। यसले देश आर्थिक रूपमा आत्मनिर्भर छ र देशका जनता कर तिर्न डराउँदैनन् भन्ने देखाउँछ, त्यसैले उनीहरूलाई यो सुविधा दिनुपर्छ।

## जीएसटी तृणमूल कंग्रेस

केन्द्र सरकारद्वारा स्वास्थ्य अनि जीवन बीमा पोलिसीमाथि लगाइएको 18 प्रतिशत वस्तु एवं सेवा कर (जीएसटी)- लाई हटाउने फसेलालाई अखिल भारतीय तृणमूल कंग्रेस (तृणमूल कंग्रेस)-ले आफ्नो 'नैतिक विजय' बताएको छ। तृणमूल कंग्रेसले हिजो राती सोशल मीडीयामा आफ्नो आधिकारिक अकाउण्ट एक्समा बयान जारी गर्दै दाबी गर्नु भयो, पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले शुरूबाटै यस ट्याक्सको विरोध गरेकी थिइन् र यसलाई आम जनताविरूद्ध बताएकी थिइन्। पार्टीले लेख्यो, यो आम मानिसहरूको जीत हो। एउटा यस्तो सरकारबाट खोसिएको जीत हो जसले दबाव पर्‍यो भने मात्र सुन्छ। ममता ब्यानर्जीले पहिलो दिनदेखिकै वित्त मन्त्रीलाई सतर्क गराएकी थिइन् कि बीमा प्रीमियममाथि ट्याक्स लगाउनु अमानवीय र जनविरोधी छ। यसबाट परिवारहरू भविष्य सुरक्षित गर्नदेखि हिच्किचाउँछन् र संकटको समयमा आर्थिक रूपले ध्वस्त हुनेछन्।

## सांसद राजु विष्ट -जीएसटी

दार्जिलिङका सांसद राजु विष्टले जीएसटी सुधारलाई ऐतिहासिक, समावेशी अनि समृद्ध भारतको दिशामा एक सशक्त पाइला भनी बताउनु भएको छ। उहाँले नयाँ दिल्लीमा भएको ५६ औँ जीएसटी परिषदको बैठकमा घोषणा गरिएको अग्रगामी जीएसटी सुधारहरूका लागि प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रिय वित्त मन्त्री निर्मला सितारमणको दूरदर्शी नेतृत्वका लागि हार्दिक कृतज्ञता व्यक्त गर्नु भएको छ।सांसद राजु विष्टले प्रेस विज्ञप्ति जारी गर्दै भन्नु भयो, प्रधानमन्त्री मोदीको स्वतन्त्रता दिवस सम्बोधनद्वारा उत्प्रेरित यी सुधारहरूले भारतको कराधान व्यवस्थामा एउटा महत्त्वपूर्ण कोसेढुङ्गा स्थापित गरिएको छ। वाणिज्य-व्यापार गर्नमा सहजता अनि समान विकासलाई बढ़ाउने जन-केन्द्रित नीतिहरूमाथि बल दिइएको छ। यी सुधारहरूले मिलेर निरन्तर आर्थिक प्रगति अनि विकासको लागि मार्ग प्रशस्त गर्नेछ र व्यापक समृद्धिको प्रणालीलाई मजबूती प्रदान गर्नेछ।

## बंगाल विधानसभा

पश्चिम बंगाल विधानसभामा आज सत्तापक्ष र विपक्षबीच रड़ाँको मच्चिएको देख्न पाइयो। मुख्यमन्त्री ममता ब्यानर्जी स्वयंलाई सदनको कार्यवाहीलाई शान्त बनाउनको लागि मैदानमा उत्रिन पर्‍यो। उहाँले वेलमा उत्रेका तृणमूल कंग्रेसका विधायकहरूलाई सम्झाई-बुझाई आ-आफ्नो सीटमा फर्काइ दिनु भएको छ अनि सदनको वातावरणलाई नियन्त्रण गर्नु भयो। आज सदनमा 'बंगाल औ बंग्ला' विषयमा चर्चा भइरहेको थियो। यसै अवधि मुख्यमन्त्री ममता ब्यानर्जीले आफ्नो भाषण राख्न शुरू गर्दा भाजपा विधायकहरूले हल्ला गर्दै नाराबाजी गर्न थाले – "वान टु थ्री फोर, तृणमूलमा सबै चोर।" यसको जवाफमा मुख्यमन्त्री प्रत्याक्रमण गर्दै भन्नु भयो, "वान टु थ्री फोर, भाजपा सबैभन्दा ठूलो चोर।" उहाँले केन्द्र सरकारलाई 'भोट चोर'-को संज्ञा दिँदै भन्नु भयो,"मोदी चोर, भाजपा चोर। भाजपा हटाऔं, देश बचाऔं।" स्थिति लगातार बिग्रिँदो देखेर तृणमूलकी महिला विधायकहरू क्रमैले शशि पाञ्जा, नयना ब्यानर्जी, रत्ना दे नाग, असिमा पात्र एवं उत्तरा सिंह रायसहित केही विधायकहरूले आ-आफ्नो सीट छोड़ेर वेलमा उत्रिए अनि भाजपाको व्यवहारको विरोध गर्न लागे। बढ़दो बबाललाई मध्यनजर गर्दै मुख्यमन्त्री ममता ब्यानर्जी स्वयं वेलमा पुग्नु भयो। उहाँले आफ्ना पार्टी विधाकहरूलाई अपील गर्नु भयो, उनीहरू आ-आफ्नो सीटमा बसेर नाराबाजी गरून्। उहाँको निर्देशपछि विधायकहरू आफ्नो सीटमा फर्किए।

## दुई भाजपा विधायकलाई निलम्बन

बंगालीहरूलाई कथित रूपमा 'ह्यारसमेन्ट' गरिएको मुद्दामा पश्चिम बंगाल विधानसभाको विशेष अधिवेशन आज व्यापक खैलाबैलाको साक्षी बन्यो। मुख्यमन्त्री ममता ब्यानर्जी बोल्नसाथ भाजपा विधायकहरूले हो-हल्ला गर्न शुरू गरे। लगातार चेताउनी दिँदा पनि कथित अनुशासनहीनताको कारण भाजपा विधायक शंकर घोष र अग्निमित्रा पललाई निलम्बन गरियो।मुख्यमन्त्रीको भाषण अवधि भाजपा विधायकहरूले स्पीकर विमान ब्यानर्जीको चेताउनीलाई बेवास्ता गर्दै नाराबाजी गर्न शुरू गरे। शंकर घोषको

नेतृत्वमा विपक्षी विधायकहरूले चर्को स्वरमा चिच्याउन थाले। स्थिति बिग्रिँदो देखेर स्पीकरले धारा 348 अन्तर्गत शंकर घोषलाई निलम्बन गर्दै उहाँलाई बाहिर निकाल्ने मार्शलहरूलाई आदेश दिनु भयो। यस अवधि घोष भुइँमा बसेर मार्शलहरूसित धक्का-मुक्का गर्न थाल्नु भयो भने केही विधायकहरू कागज च्यात्न थाले। यसबाट स्थिति झन तनाउपूर्ण भयो। अन्ततः मार्शलहरूले बलपूर्वक घोषलाई बाहिर निकालिदिए।त्यसपछि अध्यक्षले अग्निमित्रालाई पनि सदनबाट निलम्बन गरिदिनु भयो।

**मुख्यमन्त्री ममता - दागी' शिक्षकहरू**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले आज संकेत दिनु भयो, राज्य सरकारले 2016 सालको स्कूल सर्भिस कमिशन घोटाला (एसएससी) भर्तीमा फसेका ‘दागी’ शिक्षकहरूलाई ग्रुप सी र डी पदमा समायोजित गर्ने कानूनी विकल्प खोजिरहेको छ। शिक्षक दिवसको अवसरमा आयोजित एक कार्यक्रममा मुख्यमन्त्री ममताले भन्नु भयो, उहाँको सरकारले 2016 सालको शिक्षक भर्ती परीक्षामा सफल‘निर्दोष’ उम्मेद्वारहरूको नियुक्ति प्रक्रिया शुरू गरेको छ। अर्कोतिर वर्षौंदेखि पढाउँद आइरहेका, तर अयोग्य घोषित शिक्षकहरूको भविष्यलाई मध्यनजर गर्दै सरकारले मानवीय दृष्टिकोणले समाधान खोजिरहेको छ।मुख्यमन्त्रीले भन्नु भयो,“म कानूनी विशेषज्ञसित परामर्श गरिरहेको छु कि अयोग्य घोषित ‘दागी’ शिक्षकहरूलाई ग्रुप सी र डी पदहरूमा कसरी नियुक्त गर्न सकिन्छ।

**मगरजोङ चियाबारी**

सुकेपोखरी खण्ड अन्तर्गत पर्ने बन्द मगरजोङ चियाबारी भोलि 5 सेप्टेम्बरदेखि पुन: सञ्चालनमा आउने भएको छ। दुई वर्षदेखिको बन्द मगरजोङ चियाबारी विषयमा आज सिलगढीको डागापुरमा अवस्थित श्रमिक भवनमा सम्पन्न सभामा खोल्ने निर्णय लिएको छ। सभा पहाडका राजनैतिक दल भागोप्रमो, गोजमुमो, गोरामुमो, आइजीजेएफ, तृणामूल काङ्ग्रेसका श्रमिक संगठन, मगरजोङ चियाबारीका श्रमिकवर्ग एवं कर्मचारीवर्ग, मालिकवर्ग, डीएलसी आदिको उपस्थितिमा सम्पन्न भयो। उक्त सभामा भोलिदेखि चियाबारी सञ्चालनमा आउने निर्णय लिइएको छ। भोलिदेखि चियाबारी सञ्चालनमा आएपछि 22 सेप्टेम्बरभित्रमा 2023 सालको बोनस वितरण गरिने जनाइएको छ।

**सांसद राजु विष्टसित भेट**

तीनधारे वरिष्ठ नागरिक कल्याण संगठनद्वारा दार्जिलिङका सांसद राजु विष्टसित उनकै सिलगढ़ीस्थित वासस्थानमा भेट गरी संगठन साथै तीनधारेका विभिन्न समस्याहरूबारे अवगत गराएका छन्। वरिष्ठ नागरिक कल्याण संगठन तीनधारेको तर्फबाट सांसद राजु विष्ट समक्ष विभिन्न मागहरु राखिएका छन्, जसमा तीनधारेमा एउटा एटीएमको स्थापना गर्नुपर्ने माग पनि सामेल छन्।सांसद विष्टले तत्काल सम्बन्धित विभागमा फोन गरेर समस्या समाधानको लागि सुझाउ दिनु भएको बताइएको छ। यसैगरी, निर्माण अधुरो रहेको वरिष्ठ नागरिक कल्याण संगठन भवनको मरमत्ति कार्य गरिनु पर्ने साथै संगठनका विभिन्न समस्याहरूबारे चाँडै तीनधारे भ्रमणमा आउँदा विचार गर्ने उहाँले आश्वासन दिनु भएको छ। गत कोरोनाकालदेखि स्थगित गरिएको सिलगढ़ीदेखि तीनधारेसम्मको 'जंगल सफारी' डीएचआर ट्रेन सेवा पुनः चालु गरिनु पर्ने माग गर्दै संगठनले तीनधारेको तीन पोइन्ट पर्यटकीय स्थलहरू 'हनबील पार्क', वर्कशप छेऊ 'वी लभ तीनधारे' भ्यु पोइन्ट, तीनधारेको बीस माइलस्थित 'स्मृती वन' परिसर देवी मन्दिरबारे अवगत गराएएको छ। यस विषयमा सांसदले डीएचआर निर्देशकसँग फोनमार्फत सम्पर्क गरेर उक्त सेवा पुन: शुरु गर्ने आश्वासन दिनु भगाएको छ।सांसद राजु विष्टलाई भेट्न समाजसेवी बिमल दर्जीको अगुवाईमा गएको टोलीमा संगठनका सभापति दावा दोर्जे लामा, सचिव सुरेशचन्द्र दर्नाल, संरक्षक बीबी गुरुङ लगायत जीतबहादुर गुरुङ, किशोरचन्द्र लोहार, जय प्रकाश गुप्ता, धर्मराज राणा, तिलक छेत्री र अरुण प्रधान सामेल थिए।

**मौसम -पश्चिम बंगाल**

उत्तर-पश्चिम बंगालको खाड़ीमा बनिएको निम्न दबाव क्षेत्र द्रूत गतिमा गहिरिँदै गइरहेको छ। आगामी 24 घण्टाभित्रमा यो ओडिशा टतसम्म पुग्ने सम्भावना छ। यो झारखण्ड हुँदै छत्तीसगढ़तर्फ बढ्नेछ। यसको प्रभावले पश्चिम बंगालका केही जिल्लाहरूमा घना वर्षा हुने आशंका व्यक्त गरिएको छ। समुद्रमा उच्च छाल उठेको कारणले मछुआराहरूलाई आगामी 24 घण्टासम्म समुद्रमा नजाने चेताउनी दिइएको छ। आज दक्षिण बंगालका उत्तर तथा दक्षिण 24 परगना, कोलकाता, हावड़ा, हुगली, पूर्व र पश्चिम

मेदिनीपुर, झाड़ग्राम तथा बाँकुड़ा जिल्लामा घना वर्षा हुने सम्भावना छ। वर्षासितै 30-40 किलोमीटर प्रतिघण्टाको गतिले तीव्र हावा चल्नसक्छ। बंगालको खाड़ीमा सक्रिय निम्न दबावको कारणले आगामी साताको शुरूआतसम्मै मौसम बिग्रिरहनसक्छ। उत्तर बंगालमा वर्षा एवं हुरी-बतासको सिलसिला जारी छ। जलपाईगुड़ी, कालेबुङ, अलिपुरद्वारसहित केही जिल्लाहरूमा हल्कादेखि मध्यम वर्षा अनि मेघ गर्जनसितै 30-40 किलोमीटर प्रतिघण्टाको गतिले तीव्र हावा चल्ने सम्भावना छ। दार्जीलिङ, जलपाईगुड़ी, उत्तर दिनाजपुर र मालदा जिल्लाको लागि यल्लो अलर्ट जारी गरिएको छ।

**राधाकृष्णन-शिक्षक दिवस**

भोलि राष्ट्रीय शिक्षक दिवस हो। यो दिवस पूर्व राष्ट्रपति सर्वपल्ली राधाकृष्णनको जन्मदिनको अवसरमा पालन गर्ने गरिन्छ। उहाँ एक शिक्षक, प्राध्यापक अनि दार्शनिक हुनुहुन्थ्यो। उहाँले भारतमा शिक्षाको क्षेत्रमा परिवर्तनकारी सुधार गर्नुभयो| यस अवसरमा देशको 45 शिक्षकहरुलाई भोलि राष्ट्रपति द्रौपदी मुर्मुले सम्मानित गर्नुहुनेछ। तमिलनाडुका शिक्षकहरु यस पुरस्कारका लागि चुनिएको छ। भारथियार सेंटेनरी गवर्नमेंट गर्ल्स हायर सेकेंडरी स्कूलकी शिक्षिका वी. विजयलक्ष्मीलाई सम्मानित गरिनेछ। आकाशवाणीसितको बातचीतमा उहाँले भन्नुभयो, यस पुरस्कार एक शिक्षकको रूपमा उनको कामको सर्वश्रेष्ठ मान्यताहरु मध्ये एक हो। चेन्नईको पीएस सीनियर सेकेंडरी स्कूलकी प्रिंसिपल रेवती परमेश्वरनलाई पनि यस पुरस्कारका लागि चयन गरिएको छ।